

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ३१० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० मंसिर १९ गते मंगलबार ❑ 5 Dec. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## सार्वजनिक लेखा समिति सक्रिय हुनुपर्नेमा जोड

**पोखरापत्र संवाददाता**
पोखरा, १८ मंसिर

नागरिक समाजका अगुवाले गण्डकी प्रदेशसभाको सार्वजनिक लेखा समिति सक्रिय हुनुपर्नेमा जोड दिएका छन् । सोमबार पोखरामा आयोजित ' भ्रष्टाचार नियन्त्रणमा सार्वजनिक लेखा समितिको भूमिका' विषयक नागरिक सम्वाद कार्यक्रममा संविधानले दिएको अधिकार प्रयोग गर्न नसक्दा नसक्दा समितिको भूमिका निष्प्रभावी बनेको वक्ताहरूले टिप्पणी गर्नुभयो ।



ट्रान्सपरेन्सी इन्टरनेशनल नेपालका पूर्वअध्यक्ष आनन्दराज मुल्मीले प्रदेशसभाका विषयगत समिति सरकारलाई सही बाटोमा हिंडाउने महत्त्वपूर्ण औजार रहेको बताउनुभयो । उहाँले सुशासन र जवाहदेहिता प्रवर्द्धनका लागि सार्वजनिक लेखा समिति क्रियाशील हुनुपर्ने धारणा राख्नुभयो । "महालेखा परीक्षकको प्रतिवेदन अध्ययन र औँल्याउने मात्र काम सार्वजनिक लेखा समितिको होइन, संविधानले दिएको अधिकार क्षेत्रभित्र रहेर यो समितिले धेरै काम गर्न सक्छ", पूर्वअध्यक्ष मुल्मीले भन्नुभयो, "अहिलेसम्म सार्वजनिक लेखा समितिको प्रतिवेदनसमेत सार्वजनिक भए/नभएकाबारे हामी अनविज्ञ छौं, सर्वसाधारण नागरिकलाई त झन् यो विषय कसरी थाहा होस् ।" अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) गण्डकी प्रदेशका संयोजक शिव खकुरेलले विधिको शासन स्थापित नहुँदा नागरिकमा निराशा छाएको बताउनुभयो । उहाँले विधिको शासन र आर्थिक अनुशासन भए मात्र भ्रष्टाचार न्यूनीकरण हुँदै जाने उल्लेख गर्नुभयो । नेपाल उद्योग वाणिज्य महासङ्घ, गण्डकी प्रदेशका संस्थापक अध्यक्ष सञ्जिवबहादुर कोइरालाले भ्रष्टाचार निवारणका लागि नीतिमा सुधार ल्याउनुपर्ने धारणा राख्नुभयो । पत्रकार अमृत सुवेदीले विगतमा सार्वजनिक लेखा समितिलगायत विषयगत समितिले दिएका सुझाव र निर्देशन सरकारले नमानेको बताउनुभयो । उहाँले सार्वजनिक लेखा समितिमा प्रश्न उठेपछि कतिपय विवादित निर्णय लिनबाट सरकार पछाडि हटेको बताउनुभयो । प्रदेशका आर्थिक मामिलामन्त्री जीतप्रकाश आलेमगरले ज्ञान र क्षमताले भ्याएसम्म सुशासन र आर्थिक अनुशासन कायम गर्न आफूहरू इमान्दार पूर्वक लागेको बताउनुभयो । "राजनीतिक नेतृत्वसँग प्राविधिक ज्ञानको अभाव हुँदा कहिलेकाही राम्रो गर्न खोज्दाखोज्दै पनि त्रुटि भएको हुनसक्छ, तर विधिको शासन र आर्थिक अनुशासनमा चल्ने हाम्रो प्रतिबद्धता छ", उहाँले भन्नुभयो, "प्रदेशसँग आफ्नै स्रोतसाधन सीमित भएकाले नागरिकका आकङ्क्षा सोचे जसरी पूरा गर्न सकिएको छैन ।" मन्त्री आलेमगरले तीनै तहका सरकारबीचको सहकार्यबाट मात्र मुलुकले सुशासन र समृद्धिको लक्ष्य हासिल गर्न सक्ने बताउनुभयो । सार्वजनिक लेखा समितिका सदस्य सुधीरकुमार पौडेलले समिति गठनमै ढिलाइ भएको भन्दै अब समितिको कामलाई प्रभावकारी तुल्याइने बताउनुभयो। "सुशासन प्रवर्द्धनका लागि सरकारलाई घचघच्याउने काम लेखा समितिले गर्छ, सरकारी कोषको खर्चको मूल्याङ्कन र कामको अनुगमन गर्छौं", उहाँले भन्नुभयो । सुशासनका लागि नागरिक समाजसँगको सहकार्यमा समितिले नागरिक सम्वादको आयोजना गरेको हो ।

## स्वास्थ्य विकास र समृद्धिको सूचक : उपप्रमुख गुरुङ

**पोखरापत्र संवाददाता**
पोखरा, १८ मंसिर

पोखरा महानगरपालिकाका उपप्रमुख मञ्जुदेवी गुरुङले स्वास्थ्य विकास र समृद्धिको सुचक भएको बताउदै स्वास्थ्यलाई प्राथमिकतामा राख्नुपर्नेमा जोड दिनुभएको छ ।



पोखरा महानगरपालिका वडा नम्वर १५ ले आयोजना गरेको स्त्रीरोग परीक्षण सम्वन्धि निशुल्क स्वास्थ्य शिविरको उदघाटन गदै उहाँले," जुन देशका नागरिक स्वस्थ हुन्छ, त्यो देश समृद्धिको दिशामा अगाडी बढछ, त्यसैलेस्वास्थ्यलाईप्राथमिकतामा राख्नुपर्छ ।" उहाँले स्वास्थ्य सबैभन्दा ठुलो सम्पत्ति भएको बताउनुभयो । एउटा नागरिक स्वस्थ भए परिवार, समाज र देशनै समृद्धिको बाटोमा अगाडी बढछ भन्दै, समयसमयमा स्वास्थ्य जाँच गराउनुपर्नेमा जोड दिनुभयो । विरामी भैसकेपछि मात्रै अस्पताल जाने अवस्था छ, अव त्यस्तो हैन समयसयममा जाँच गर्दा स्वस्थ रहन सहयोग पुग्छ उहाँले भन्नुभयो,"भौतिक विकास मात्रै नभएर मानवीय विकास पनि महत्वपुर्ण हो ।" एउटा घरको ब्यक्ति विरामी हुदाँ परिवारनै अस्तब्यस्त हुने भएकाले स्वास्थ्यलाई ध्यान दिनुपर्ने उपप्रमुख गुरुङले बताउनुभयो ।

वडा नम्वर १५ का अध्यक्ष तोरणबहादुर बानियाँले मानवीय विकासमा स्वास्थ्य महत्वपुर्ण रहेको बताउनुभयो । नागरिक स्वस्थ भएमात्रै पुर्वाधारको विकास गरेपनि त्यसको महत्व हुदैन उहाँले भन्नुभयो, "स्वास्थ्य शिक्षा, कृषिलाई रणनीतिक योजनाका रुपमा अगाडी बढाएका छौ ।" उहाँले राइट फर चिल्ड्रेनसंग मिलेर स्वास्थ्यसंग सम्वन्धित कार्यक्रम संचालन गर्दै आएको जानकारी समेत उहाँले दिनुभयो ।

## एनसेलको शेयर खरिद-बिक्री शङ्काको घेरामा

**रासस**
काठमाडौं, १८ मंसिर

दूरसञ्चार सेवा प्रदायक कम्पनी एनसेल आजियटा लिमिटेडको शेयर स्वामित्व खरिद-बिक्री विवाद र शङ्काको घेरामा परेको छ ।

मलेसियन कम्पनी ' आजियटा ग्रुप बर्हाड' ले गत शुक्रबार एनसेलको ८० प्रतिशत शेयर स्वामित्व अर्को कम्पनी 'स्पेक्ट्रलाइट युके लिमिटेड' लाई बेच्ने निर्णय गरेपछि उक्त व्यावसायिक कारोबार सम्झौताले नेपालमा तरङ्ग पैदा भएको छ । राज्यका निकायलाई समेत जानकारी नहुने गरी मुलुक बाहिरबाट शेयर खरिद-बिक्री भए भन्दै यो व्यावसायिक कारोबारको कानुनी प्रक्रिया र आर्थिक पादर्शितामाथि प्रश्न उठेका हुन् ।

एनसेलको स्वामित्व खरिद-बिक्री भएको विषयमा सार्वजनिक लेखा समितिले पनि चासो देखाएको छ । समितिले एनसेल खरिद-बिक्रीका विषयमा जानकारी मागसहित आन्तरिक राजस्व विभाग, कम्पनी रजिष्ट्रारको कार्यालय र नेपाल दूरसञ्चार प्राधिकरणलाई पत्र पठाएको समितिका सचिव एकराम गिरीले पुष्टि गर्नुभयो ।

एनसेलको शेयर खरिद-बिक्रीमा देखिएका प्रश्न र शङ्काबारे सरकारले जवाफ दिनुपर्ने सार्वजनिक लेखा समितिका सभापति ऋषिकेश पोखरेल बताउनुहुन्छ। "यो खरिद-बिक्रीका सन्दर्भमा नागरिकस्तरबाट प्रश्न उठिरहेका छन् । सरकार उत्तरदायी र नागरिकका प्रश्नमाथि जवाफदेही हुनुपर्छ", उहाँले भन्नुभयो, "यो खरिद-बिक्री प्रक्रिया विधिसम्मत हो कि होइन ? हाम्रो ऐन कानुनअनुसार भएको छ कि छैन ? यसले सरकारी आय र राजस्वमा के प्रभाव पार्छ ? सेवा प्रवाहमा के असर गर्छ ? लगायत विषयमा सम्बन्धित निकायसँग


बाँकी अन्तिम पृष्ठमा ▶▶


## लेखनाथ महोत्सव पुसको पहिलो साता, ९ करोड बरावरको कारोबार गर्ने लक्ष्य

**पोखरापत्र संवाददाता**
पोखरा, १८ मंसिर

हरेक वर्ष जस्तै मेला तथा महोत्सव गर्दै ख्याति कमाएको लेखनाथ उद्योग वाणिज्य संघले पुसको पहिलो साता देखि १९ औं संस्करणको लेखनाथ महोत्सव गर्ने भएको छ । पहिलो चरणमा तयारीका बारेमा जानकारी दिने उद्देश्यले सोमबार आयोजित पत्रकार सम्मेलनमा संघले पुसको ५ गते देखि १६ गते सम्म पोखरा २७ को तालचोकमा १९ औं संस्करणको लेखनाथ महोत्सव गर्न लागेको जानकारी गराइएको हो ।




कार्यक्रममा संघका अध्यक्ष एवं महोत्सवका मूल संयोजक विनोद श्रेष्ठले लेखनाथ उद्योग वाणिज्य संघले २०५८ साल देखि सुन्तला प्रदर्शनीबाट सुरु गरेको महोत्सवलाई समयानुकूल परिष्कृत गर्दै २०६१ साल देखि वार्षिक रुपमा लेखनाथ महोत्सव गर्दै आएको र विभिन्न जात जाति भाषा भाषीलाई एकै थलोमा उपस्थीत गराएर लेखनाथ क्षेत्रको पहिचान गराउने उद्धेश्यले महोत्सवको आयोजना गरिएको वताए। उनले महोत्सवको माध्यबाट यस क्षेत्रमा उत्पादीत वस्तुहरुको बजारीकरण गर्ने, कृषि सामग्री एवं महिला उद्यमीहरुको उत्पादनहरुको प्रर्दशनी एवं विक्रि गरिने वताए ।

पत्रकार सम्मेलनमा महोत्सवका प्रचार प्रसार संयोजक उपेन्द्रराज सुवेदी'राजु'ले कोभिड १९ र युक्रेन युद्धका कारण विश्वभर आएको आर्थिक मन्दिबाट थला परेको देशको अर्थतन्त्रलाई चलायमान बनाउन तथा पर्यटन प्रवर्द्धन गर्न, देशमा रहेका औद्योगिक उत्पादनलाई बढवा दिन, हस्तकलाका सामानहरुको बजार प्रवर्द्धन र सोको पहिचान, स्थानीय उत्पादन, लघु, घरेलु तथा साना उद्योगहरुको प्रवर्द्धन, आवश्यक ज्ञान, सिप, उद्यमशिलता र प्रविधि हस्तान्तरण, राष्ट्रिय तथा अन्तराष्ट्रिय मुलुकहरुमा उत्पादित औद्योगिक एवं दैनिक उपभोग्य वस्तु तथा सेवाहरुको प्रवर्द्धन, जातीय भेषभुषा, कला संस्कृति, रितिरिवाजको जगेर्ना गर्न,आन्तरिक एवं वाह्य पर्यटकहरु आकर्षण गरि आन्तरिक पर्यटनलाई सहयोग पुर्याउने महोत्सवको मुख्य उद्देश्य रहेको वताएका थिए ।

उनले महोत्सवका विशेष कार्यक्रमहरुमा कवि लेखनाथ पौडेलको सम्झनामा साहित्यीक कार्यक्रम, महिला विशेष तथा रितिरिवाज जर्गेना अन्तर्गत रत्यौली कार्यक्रम, विद्यालय स्तरिय कार्यक्रम, सास्कृतिक कार्यक्रम, आदीबासी जनजाति विशेष कार्यक्रम, जातजातिहरुको सम्मानमा लोप हुन लागेका रितिरिवाज तथा संस्कृति झल्कने उत्कृष्ट नृत्य प्रदर्शनी, आदिबासी जनजाति तथा आमा/महिला समुहहरुको आफ्नो झाँकीर्याली तथा भेषभुषा प्रदर्शनी, ख्याती प्राप्त हास्य व्यंग्य कलाकारहरुको दैनिक प्रस्तुती,कृषि तथा पशुपंक्षी प्रदर्शनी, सुचना प्रविधि प्रदर्शनी, राष्ट्रिय उत्पादन प्रदर्शनी, शैक्षिक प्रदर्शनी, हस्तकला प्रदर्शनी, बाल उद्यान, खाना महोत्सव, राष्ट्रिय लोक दोहोरी कार्यक्रम, युवाहरुको इच्छालाई लक्षित गर्दै लाइभ म्युजिक कर्न्सटलाई यस वर्ष पनि निरन्तरता दिईएको जानकारी दिए । महोत्सवको बचतवाट प्रदर्शनी स्थल र संघको भवनको स्तरोन्नती, औद्योगिक क्षेत्र निर्माणको लागि पहल एवं सहयोग, कवि शिरोमणि लेखनाथ पौड्यालको जन्मस्थल विकास, पर्यटन विकास तर्फ बेगनासतालमा बराह मन्दिर संरक्षण, स्थानीय महिला तथा युवा उद्यमीहरुद्धारा उत्पादित वस्तुहरुको प्रवर्द्धनका लागि उत्कृष्ट स्तरको कोसेली घर निर्माण, संघद्धारा बेगनासतालमा निमार्ण गरिएको लेटर बोर्डको परिसरमा चेम्बरपार्क निर्माण लगायतका विभिन्न सामाजिक उत्तरदायित्वका कार्यमा खर्च गरिने आयोजकले जानकारी दिएको छ ।

कार्यक्रममा नेपाल पत्रकार महासंघकी केन्द्रीय सदस्य सरिता तिमिल्सीना पँगेनीले लेखनाथ क्षेत्रलाई विकासको दृष्टिकोणले पछि पारिएको वताउँदै यस क्षेत्रको विकास र प्रर्वद्धनको लागी सम्बन्धीत निकाय र संघ संस्थाले ध्यान दिन नसकेको वताएकी थिईन । यस्तै पत्रकार महासंघ कास्कीकी अध्यक्ष विमला भण्डारीले महोत्सवको माध्यमबाट स्थानीय उत्पादनको प्रर्वद्धन र ब्राण्डिङ गरिनुपर्ने वताउँदै अहिलेको आर्थिक संकटको अवस्थामा महोत्सवको माध्यमबाट व्यवसायीहरुलाई उत्प्रेरीत गर्ने खालका कार्यक्रमहरु गर्न सके राम्रो हुने सुझाव व्यक्त गरिन। उनले लेखनाथ महोत्सवमा महिलाहरुको सहभागिता र सक्रियता उदाहरणीय रहेको वताउँदै प्रोत्साहनका कार्यक्रमहरु पनि गर्नुपर्ने वताएकी थिईन ।

महोत्सवका सह-संयोजक एवं प्रायोजक व्यवस्थापन तथा उप-समिति परिचालन समितिका संयोजक राजेन्द्र ओझाले लेखनाथ महोत्सवलाई स्थानीयले चाड पर्वको रुपमा लिंदै आएको र उत्पादक र उपभोक्ताहरुलाई एकै ठाँउमा भेला गरी आर्थिक चलायमान गराउन महत्वपुर्ण भुमिका खेलेको दावी गरेका थिए । संघका अध्यक्ष


बाँकी अन्तिम पृष्ठमा ▶▶



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# अंग्रेजी नयाँ वर्षमा फेवाताल किनारमा पुरूष भलिबल प्रतियोगिता

**पोखरापत्र संवाददाता**
पोखरा, १८ मंसिर

पोखरा महानगरपालिका भलिबल संघको आयोजनामा आगामी पौष १४ देखि १६ गतेसम्म 'पोखरा कप अन्तर क्लबस्तरीय पुरूष भलिबल प्रतियोगिता' हुने भएको छ । अंग्रेजी नयाँ वर्षको अवसरमा रेष्टुरेन्ट एण्ड बार एसोसिएसन (रेबान) पोखराले आयोजना गर्दै आएको सडक महोत्सवको २५ औं संस्करणको अवसरमा फेवाताल किनार बसुन्धरा पार्कमा भलिबल संघले प्रतियोगिता गर्न लागेको हो ।



प्रतियोगितामा पोखरा बाहिरका क्लब पनि सहभागी हुन पाउने र टिममा दुई जनासम्म राष्ट्रिय खेलाडी समावेश गर्न पाइने भलिबल संघका अध्यक्ष एवं खेल संयोजक रामबहादुर लामिछानेले सोमबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिए । प्रतियोगिताको विजेताले १ लाख ११ हजार १११ रूपैयाँ र उपविजेताले ७७ हजार ७७७ रूपैयाँसहित सिल्ड, मेडल र प्रमाणपत्र पाउने छन् । विधागत पुरस्कारतर्फ बेष्ट सेटर, बेष्ट स्पाइकर, बेष्ट सर्भर, बेष्ट ब्लकर, बेष्ट डिफेन्डर (लिबेरो)ले ३/३ हजार रूपैयाँसहित कप र प्रमाणपत्र पाउने भलिबल संघका सचिव युवराज गुरूङले जानकारी दिए । उत्कृष्ट खेलाडीले १० हजार रूपैयाँसहित कप र प्रमाणपत्र पाउने छन् ।

पत्रकार सम्मेलनमा बोल्दै अध्यक्ष लामिछानेले स्थानीय स्तरबाट खेलाडी उत्पादन गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको बताए । सामुदायिक एवं संस्थागत विद्यालयमा रहेका भलिबल खेलाडीलाई प्रतियोगिताले भलिबलप्रति ऊर्जा भर्ने उनको दाबी थियो ।

पत्रकार सम्मेलनमा शिक्षा महाशाखा प्रमुख हेम आचार्य, रेबान पोखराका कार्यालय सचिव कमलराजकोइरालालगायतकोउपस्थितिथियो। पोखरा महानगरपालिका, पोखरा महानगरपालिका खेलकुद विकास समिति, पोखरा महानगरपालिका शिक्षा महाशाखा, रेबान पोखरा, नेपाल भलिबल संघ, जिल्ला भलिबल संघ कास्की, जिल्ला खेलकुद विकास समिति कास्की, प्रदेश भलिबल संघ गण्डकी, प्रदेश खेलकुद परिषद् गण्डकी, टाइगर ग्रुप पोखरा, वडा प्रहरी कार्यालय बैदाम प्रतियोगिताका सहयोगी संस्था हुन् । प्रतियोगितामा १२ वटा टिम सहभागी हुने आयोजकको अनुमान छ ।

## एनसेलको ...

जानकारी मागिएको छ", सभापति पोखरेलले भन्नुभयो । दूरसञ्चार नियमावली, २०५४ को नियम १५ (ट) बमोजिम चुक्ता पूँजीको प्रतिशत शेयर खरिद-बिक्री गर्नुअघि नेपाल दुरसञ्चार प्राधिकरणको स्वीकृति लिनुपर्ने व्यवस्था छ । त्यस्तै, नेपाल दुरसञ्चार प्राधिकरण विनियमावली, २०७६ को विनियम ४ (क) मा शेयरधनीको शेयर खरिद-बिक्री वा नामसारी गर्नु पूर्व प्राधिकरणको अनुमति वा स्वीकृति प्राप्त गर्नुपर्ने कानूनी प्रावधान रहेको छ । आजियटाले यो प्रक्रिया पूरा गरे/नगरेको बारे लेखा समितिले प्राधिकरणसँग जवाफ मागेको छ ।

त्यस्तै, निकै कम रकममा शेयर कारोबार भएको देखिएपछि यो व्यावसायिक सम्झौता थप शङ्का गर्ने ठाउँ देखिएको छ । सन् २०१६ मा तत्कालीन माउ कम्पनी स्वीडेनको टेलियासोनेराले एनसेलमा रहेको ८० प्रतिशत शेयर रू एक अर्ब ३६ करोड ५० लाख अमेरिकी डलर अर्थात् रु एक खर्ब ४४ अर्ब ७ करोडमा मलेसियन कम्पनी आजियटालाई बिक्री गरेको थियो । तर अहिले सोही शेयर पाँच करोड डलर अर्थात् रु साढे छ अर्बमा बिक्री भएको छ । त्यस्तै यो कारोबारमा आयकर ऐन, २०५८ अनुसार पूँजीगत लाभकरसम्बन्धी व्यवस्थालाई कसरी सम्बोधन गरिएको छ भन्ने पनि स्पष्ट छैन । रू पाँच करोडभन्दा बढी चुक्ता पूँजी भएको दुरसञ्चार सेवा प्रदायक कम्पनी दुई वर्षभित्र पब्लिक लिमिटेड कम्पनीमा परिणत भई यस्तो कम्पनीले शेयर कारोबार गर्न नेपाल धितोपत्र बोर्डमा सूचीकृत हुनुपर्नेमा सो सम्बन्धमा एनसेल नेपाल धितोपत्र बोर्डमा सूचीकृत भएको छैन । यसबारे पनि लेखा समितिले प्रश्न गरेको छ ।

## लेखनाथ...

विनोद श्रेष्ठको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन महासचिव जानुका पराजुलीले गरेकी थिईन भने धन्यवाद ज्ञापन वरिष्ठ उपाध्यक्ष राजेन्द्र ओझाले गरेका थिए ।

'महोत्सव लेखनाथको संस्कृति, स्थानीय उत्पादन, विकास र संवृद्धि' भन्ने मूल नाराका साथ आयोजना गर्न लागिएको लेखनाथ महोत्सव २०८० का कार्यक्रमहरुलाई व्यवस्थित रुपमा संचालन गर्नका लागि ९ सदस्यीय निर्देशक समिति, ४० सदस्यीय महोत्सव सल्लाहकार समिति र ४२ सदस्यीय कार्यसम्पादन समिति एवं उपसमिति संयोजक गठन गरिएको छ । करिब ३३४ स्टल रहने यस महोत्सवमा २ लाख पचास हजारभन्दा बढि दर्शकले मेला अवलोकन गर्ने र करिब ९ करोड बरावरको आर्थिक कारोबार हुने अपेक्षा गरिएको छ । महोत्सवमा करिब ९० लाख आम्दानी हुने र महोत्सव सम्पन्न गर्नका लागि करिब ८० लाख खर्च भई रु १० लाख बचत हुने अनुमान गरिएको छ ।




# मुस्ताङ र म्याग्दीको उच्च पहाडी क्षेत्रमा हिमपात

**पोखरापत्र संवाददाता**
म्याग्दी, १८ मंसिर

मुस्ताङ र म्याग्दीको उच्च पहाडी क्षेत्रमा सोमबार वर्षा र हिमपात भएको छ ।

मुस्ताङको लोमान्थाङ, लो-घेकर दामोदरकुण्ड, वारागुङ मुक्तिक्षेत्र, घरपझोङ र थासाङ गाउँपालिकाको अधिकांश ठाउँमा हिमपात भएको हो । यो याममा पहिलोपटक हिमपात भएको लो-घेकर दामोदरकुण्ड गाउँपालिकाका अध्यक्ष राजु बिष्टले जानकारी दिनुभयो । "यो वर्ष याममै हिउँ परेकाले किसान खुसी भएका छन्," उहाँले भन्नुभयो, "हिउँ परेर जमिन भिजाएको र वातावरणलाई सन्तुलित बनाएको छ ।" असोज दोस्रो सातापछि आज बिहानदेखि वर्षासँगै हिउँ पर्न थालेको हो । लोमान्थाङ र लो-घेकर दामोदरकुण्ड गाउँपालिकामा पाँच इञ्चसम्म हिउँ जमेको छ । निरन्तर हिउँ परिरहेको छ । हिउँले सुक्खा भएको जमिनलाई भिजाउने र खेतबारीमा राखेको मलको पौष्टिक तत्व बिरुवाले उपभोग गर्न सहज हुने भएकाले कृषक खुसी भएका हुन् । लोमान्थाङ गाउँपालिकाका अध्यक्ष टसीनर्बु गुरुङले हिमपात र चिसोले उपल्लो मुस्ताङको जनजीवन प्रभावित भएको बताउनुभयो । सर्वसाधारण घरभित्रै आगो तापेर बसेका छन् । गाईवस्तु र भेडाच्याङ्ग्रालाई गोठमै सुक्खा घाँस खुवाएर राखिएको छ । म्याग्दीको धवलागिरि गाउँपालिकाको गुर्जा, अन्नपूर्ण गाउँपालिकाको खोपारा, मोहरेडाँडा, घोडेपानीमा पनि हिउँ परेको छ । डाँडाहरू हिउँले सेताम्मे भएको र चिसो बढेको धवलागिरि गाउँपालिका-१ गुर्जाका वडाअध्यक्ष झकबहादुर छन्त्यालले बताउनुभयो ।



# गण्डकीका यातायात कार्यालयबाट ५६ करोड राजस्व सङ्कलन

**पोखरापत्र संवाददाता**
म्याग्दी, १८ मंसिर

गण्डकी प्रदेशका यातायात कार्यालयले चालु आर्थिक वर्ष २०८०/८१ को साढे चार महिनाको अवधिमा रु ५६ करोडभन्दा बढी राजस्व सङ्कलन गरेका छन् ।

चालु आर्थिक वर्षको साउनदेखि मङ्सिर १५ गतेसम्म रु ५६ करोड ८४ करोड ८४ लाख ८६ हजार तीन सय ४९ राजस्व सङ्कलन भएको मन्त्रालयले जनाएको छ ।

बाग्लुङ, डुम्रे र नवलपुरमा एक/एक र कास्कीमा दुईवटा यातायात कार्यालय, गोरखा, लमजुङ र स्याङ्जामा यातायात सेवा कार्यालयले सो राजस्व सङ्कलन गरेका हुन् । मन्त्रालयका सचिव शङ्करप्रसाद पण्डितका अनुसार सबैभन्दा बढी यातायात व्यवस्था कार्यालय सवारी कास्कीले रु ३१ करोड ७१ लाख ३५ हजार सात सय ८१ राजस्व सङ्कलन गरेको छ । यातायात व्यवस्था कार्यालय सवारी चालक अनुमतिपत्र, कास्कीले रु छ करोड ४७ लाख ३९ हजार नौ सय २६, बाग्लुङले रु चार करोड १० लाख ३२ हजार ६ सय ७०, नवलपुरबाट रु छ करोड ३४ लाख ७९ हजार ६ सय ७४, डुम्रेबाट रु चार करोड १० लाख ९१ हजार एक सय ७५ राजस्व सङ्कलन भएको छ । गोरखा, लमजुङ र स्याङ्जाको यातायात सेवा शाखाबाट एकमुष्ट रु चार करोड १० लाख सात हजार एक सय २३ राजस्व सङ्कलन भएको मन्त्रालयले जनाएको छ । सवारी चालक अनुमतिपत्र जारी, नवीकरण, सवारीसाधन दर्ता, नवीकरण र जरिवानालगायत शीर्षकमा राजस्व सङ्कलन भएको हो । आर्थिक वर्ष २०७८/७९ मा रु दुई अर्ब २४ करोड र २०७९/८० मा रु तीन अर्ब १७ करोड राजस्व सङ्कलन गरेका यातायात कार्यालयहरूले चालु आर्थिक वर्षको पहिलो चौमासिकमा लक्ष्यअनुसार नै राजस्व सङ्कलन गरेका मन्त्रालयको यातायात व्यवस्था महाशाखा प्रमुख समेत रहनुभएका प्रवक्ता टीकाराम पौडेलले बताउनुभयो । प्रदेश सरकारले चालु आर्थिक वर्षको पहिलो चौमासिकमा रु एक अर्ब १५ करोड राजस्व सङ्कलन गरेकामा यातायात कार्यालयहरूको योगदान करिब आधा रहेको छ । भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्थामन्त्री रेशमबहादुर जुग्जालीले यातायात कार्यालयहरूको सेवालाई सरलीकरण, झन्झटरहित, सहज र प्रविधिमैत्री बनाउन जोड दिएको बताउनुभयो । चालु आर्थिक वर्ष सुरु भएयता पोखरा उपत्यकाभित्र चल्ने ट्याक्सीमा मिटर प्रणाली लागू गर्न विसं २०७७ मा भएको निर्णय कार्यान्वयन गरिएको र बागलुङमा ११ वर्षपछि पुनः चारपाङ्ग्रे सवारी चालक अनुमतिपत्रको प्रयोगात्मक परीक्षा सञ्चालन गरिएको मन्त्री जुग्जालीले बताउनुभयो । सवारी साधन दर्ता र नवीकरणसम्बन्धी सेवा दिने हाम्रो कार्यालयमा फाइललाई डिजिटलाइजेसन गरेर लाइन बस्न र बिचौलियाको सहयोग लिन नपर्ने बनाइएको यातायात व्यवस्था कार्यालय कास्की सवारीका प्रमुख डिल्लीराम रिजालले बताउनुभयो । सेवाग्राहीको अत्यधिक चाप र भीड हुने भएकाले बिहान ८ बजेदेखि नै सवारी चालक अनुमतिपत्रको ट्रायल परीक्षा सञ्चालन गर्न र सवारी चालक अनुमतिपत्रको राजस्व अनलाइनमार्फत बुझाउने व्यवस्था मिलाइएको यातायात व्यवस्था कार्यालय सवारी चालक अनुमतिपत्र कास्कीका प्रमुख जितेन्द्रजङ्ग केसीले बताउनुभयो ।

दरबन्दी अनुसारका कर्मचारीको अभाव, करारका कर्मचारीको भरमा कार्यालय सञ्चालन गर्नुपर्ने, सङ्घीय सरकार मातहतको सर्भरमा पटकपटक आइरहने समस्याका कारणले सेवाप्रवाहमा चुनौती रहेको यातायात कार्यालयका प्रमुखहरूले बताएका छन् ।

# ग्लोबल मार्कको ग्रान्ड अष्ट्रेलियन एजुकेशन सेमिनार


**पोखरापत्र संवाददाता**
पोखरा, १८ मंसिर

ग्लोबल मार्क एजुकेशन पोखराले ग्रान्ड अष्ट्रेलियन एजुकेशन सेमिनार हालै सम्पन्न गरेको छ ।

अष्ट्रेलियामा अध्ययनर तथा भिसामा जान चाहनेहरूलाई लक्षित गरी उक्त सेमिनार आयोजना गरिएको थियो । सेमिनारमा एक सय २० भन्दा बढी बिद्यार्थीहरुका सहभागिता रहेको थियो । उक्त सेमिनारमा छ वटा अष्ट्रेलियाका विश्व विद्यालय तथा क्याम्पसहरुले जुम एप मार्फत जानकारी प्रदान गरेका थिए । कार्यक्रममा विद्यार्थीहरुलाई समग्र पक्रिया लगायत अष्ट्रेलिया पुगेपछि के गर्न हुने, के गर्न नहुने र कसरी आफ्नो शिप र क्षेमता बढाउन सकिन्छ भनेर अष्ट्रेलियामा बसोवास गर्ने ग्लोबल मार्कका सिनियर काउन्सिलर तथा पोखरा शाखाका म्यानेजिङ डाइरेक्टर सुजन लामिछानेले जानकारी सहितको प्रस्तुती प्रस्तुत गरेका थिए । सेमिनारमा ग्लोबल मार्कका अन्तराष्ट्रिय निर्देशक तथा सिनियर एजुकेशन कन्सलन्टेन्ट लिजा चित्रकारले प्रशिक्षण गरेका ग्लोबल मार्क एजुकेशन पोखराका व्यवस्थापकशरदकार्कीलेपोखरापत्रलाई वताए । ग्लोबल मार्क एजुकेशन नेपालको अष्ट्रेलिया, श्रीलंका, केन्या, फिजी र भारतमा शाखाहरु रहेको छ । एजुकेशनले क्यानाडा, अष्ट्रेलिया, यू.के, न्यूजिल्याण र जापान अध्ययन गर्न जाने तथा स्कील्ड भिसा, टुरिस्ट भिसा र ट्रेनिङ्ग भिसामा जानचाहनेहरुलाई गुण्स्तरीयसेवादिदैआईरहेकोपोखरा शाखाका म्यानेजिङ डाइरेक्टर लामिछानेले जानकारी गराए ।




**कपालको उपचार**
**कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने**
**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**
- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**प्यारालाइसिसका बिरामीको उपचार**
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**
**पुरूषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार
**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आफुले कमाउनु भन्दा कम खर्च गर्ने गर ।

– पल क्लिथेरोई

## सम्पादकीय

# ग्याँसको अन्वेषणले जगाएको आशा

दैलेख जिल्लाको भैरवी गाउँपालिका -१ स्थित श्रीस्थानमा ग्याँस भण्डार रहेको अनुमान गरिएको छ । कहिल्यै ननिभ्ने बत्ती बलेको ठाउँ धार्मिक र ऐतिहासिक महत्वको रुपमा लिने गरिएको थियो। २०७२ सालमा गएको भूकम्प पछि ग्याँसको बारेमा अध्ययन अनुसन्धान शुरु भएको छ । दैलेख जिल्ला पुरातात्त्विक महत्व भएको जिल्ला भएको हुँदा ऐतिहासिक र धार्मिक महत्वको बारेमा मात्रै चर्चा हुने गरेको थियो ।

अहिले पेट्रोलियम पदार्थको राम्रो सम्भावना भएको जिल्लाको रुपमा लिन थालिएको छानेकपा एमाले अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री भएपछि ग्याँसबारे खोज र अनुसन्धान बढाएका थिए।ओलीकै पालामा थप खोज, अध्ययन र अनुसन्धानको काम अघि बढ्नुपर्छ भनेर अन्वेषणको कामका लागि टोली खटाएका थिए। मध्य पहाडी पुष्पलाल लोकमार्गको संकल्प यात्रामा निस्केको एमाले नेतृत्व टोली दैलेख पुगेर चासो दिएको छ ।

ओली सहितको नेतृत्व टोलीले अन्वेषण विभागको टोलीसँगजानकारी लिएको छाअन्वेषण टोलीसंगको ब्रिफिङपछि देशलाई समृद्धिको मार्गमा ल्याउन पेट्रोलियम पदार्थको उत्खननले ठूलो भूमिका खेल्ने बताए । खानी तथा भूगर्भ विभागका अन्वेषण परियोजना प्रमुख दिनेशकुमार नापितले चिनियाँ अन्वेषण टोलीले पेट्रोलियम पदार्थको राम्रो सम्भावना भएको निचोड निकालेको छ । "उत्खनन टोलीको प्रतिवेदन अनुसार पहिलो तीन हजार ५०० देखि चार हजार मिटरसम्म पेट्रोलियम पदार्थको सम्भावना देखिएको छ ।

चार हजार ५०० मिटरसम्म पनि यसको सम्भावना निकै राम्रो देखिन्छ," नापितले भनेका छन । दैलेखको भूभागमा पेट्रोल र ग्यासको भण्डारणको सम्भावनाको अध्ययनका लागि २०७६ असोजदेखि अन्वेषणको काम शुरू गरिएको थियो। नेपाल र चीन सरकारबीच भएको सम्झौता अनुसार दैलेखमा सिस्मिक सर्भे, जियोलोजिकल सर्भे, म्याग्नेटो टेल्युरिक सर्भे र जिओकेमिकल स्याम्पलिङ सर्भे सम्पन्न गरिएको थियो ।

# सृजनात्मक बहुउद्देश्यीय सामुदायिक सिकाइ केन्द्रको वार्षिक साधारण सभा

**पोखरापत्र संवाददाता**
पोखरा, १८ मंसिर

सृजनात्मक बहुउद्देश्यीय सामुदायिक सिकाइ केन्दको चौँथो बार्षिक साधारण सभा आइतबार पोखरा-१७ मा सम्पन्न भयो ।

यस कार्यक्रमा पोखरा महानगरपालिका शिक्षा महाशाखाका शिक्षा अधिकृत सोमनाथ भण्डारीज्यूको प्रमुख अतिथ्यिता भएको थियो । उक्त कार्यक्रम्मा पोखरा-१७ का जेष्ठ नागरिक मञ्चका अध्यक्ष र यस सिकाइ केन्द्रका जेष्ठ आजिवन सदस्य टोपराज ढुङ्गाना, अन्नपूर्ण महिला समूहकी अध्यक्ष गंगा भण्डारी लगायतले आफ्नो मन्तव्य राख्नु भएको थियो । सिकाइ केन्द्रका अध्यक्ष कृष्ण प्रसाद भण्डारीको अध्यक्षतामा भएको कार्यक्रममा सरस्वती पराजुलीले स्वागत र सिकाइ केन्द्रकी परिचालक गिता बास्तोलाले सञ्चालन गर्नु भएको थियो ।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. २५ स्थित वडा कार्यालय भवन मर्मत निर्माण गर्नका लागि निम्न बमोजिमको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः वडा कार्यालय भवन मर्मत वडा नं. २५

ठेगानाः पोखरा-२५

योजना शुरु मितिः २०८०/०५/११ गते

योजना सम्पन्न हुने मितिः २०८०/०८/३० गते

योजना सम्पन्न भएको मितिः २०८०/०८/१३ गते

योजनाको कुल लागतः रु. २६,१३,२९१/-

महानगरपालिकाबाटः रु. २५,००,०००/-

प्राविधिक मुल्याङ्कन : रु. २४,९९,३९८/४४

उपभोक्ता समिति अध्यक्षः भोजराज पौडेल

जम्मा सदस्य संख्याः ११, महिला सदस्यः २ जना

**वडा कार्यालय भवन स्थानान्तरण उपभोक्ता समिति पोखरा-२५**

## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. १७ बेलघारीमा टेवा पर्खाल तथा बाटो निर्माण गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**योजनाको नाम** : टेवा पर्खाल र बाटो निर्माण बेलघारी

**उपभोक्ता समिति**: सडक नाला तथा टेवा पर्खाल उपभोक्ता समिति, पोखरा-१७, कास्की

**योजना सम्झौता मिति** : २०८०/०८/०१ गते

**योजना सुरु मिति** : २०८०/०८/०२ गते

**योजना सम्पन्न हुने मिति** : २०८०/११/३० गते

**महानगरपालिकाबाट** : रु. ६,००,०००/-

**जनसहभागिता** : रु ६६,६६६/-

**जम्मा लागत** : रु ६,६६,६६६/-

**उपभोक्ता समिति**

अध्यक्ष : देवीबहादुर थापा

उपाध्यक्ष : देउकुमारी थापा

सचिव : भुवानी प्रसाद भट्टराई

कोषाध्यक्ष : अन्जना रेग्मी

सदस्यहरु : परशुराम पहारी, सिता सुवेदी र इन्द्र बहादुर खत्री

**अनुगमन समिति** :

संयोजक : झपिन्द्र राज रेग्मी

सदस्यहरु : उमादेवी भट्टराई र सुकदेव गौतम

## एउटै व्यक्ति भएको सूचना



जिल्ला रुपन्देही तिलोत्तमा नगर पालिका वडा नं. ८ बस्ने राज कुमार थापा भन्ने राज कुमार शाहीले म भारत सरकारको भू.पू. सैनिक नं. 5043180W, hav, Unit-2/1 Gorkha Rifiles को पेन्सनर भएकोमा मेरो पत्नीले प्राप्त गरेको नेपाली नागरिकता प्रमाणपत्रमा निजको नामथर गन कुमारी भन्ने धन कुमारी थापा शाही, जन्ममिति वि.सं. २०२०/१२/०५ (तदनुसार सन् 1964/03/18) र मेरो भारतीय पेन्सन अभिलेखमा निजको नामथर धन कुमारी थापा, (Dhan Kumari Thapa) जन्ममिति सन् 1964/07/11 उल्लेख भई नामथर र जन्ममिति फरक परे तापनि व्यक्ति एकै भएको व्यहोरा प्रमाणित गरीपाऊँ भनी यस कार्यालयमा निवेदन पेश गर्नुभएकोमा सम्बन्धित तिलोत्तमा नगरपालिका ८ नं. वडा कार्यालयको च.नं. ११९, मिति २०८०/०७/१३ को सिफारिसबाट समेत लेखी आएकोले सोही व्यहोरा पेन्सन प्रयोजनका लागि प्रमाणित गरिएको छ ।

**जिल्ला प्रशासन कार्यालय, रुपन्देही**

# युनाइटेड क्लबद्धारा रुकुम पश्चिका भुकम्प प्रभावितलाइ न्यानो कपडा वितरण

**पोखरापत्र संवाददाता**
पोखरा, १८ मंसिर



युनाइटेड क्लब पोखराले आफ्नो सामाजिक कार्यक्रम अन्तर्गत भुकम्प प्रभावित क्षेत्रमा पुगी विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका अभिभावकलाई सिरक र विद्यार्थीहरुलाई न्यानो कपडा बितरण गरेको छ ।

देउसीभैलो कार्यक्रम गरी बचत भएको रकमबाट स्थापित विपद ब्यवस्थापन कोष मार्फत युनाइटेड क्लबले कार्तिक १७ गते जाजरकोटको लामिडाँडा केन्द्रबिन्दु बनाइ गएको भुकम्पबाट प्रभावित रुकुम पश्चिमको चौरजहारी नगरपालिका वडा नम्बर १० बिसौनीचौरका बासिन्दालाई मध्यनगर गरी सोही स्थानमा रहेको ऐश्वर्य आधारभुत आधार भुत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई न्यानो कपडा र उनका अभिभावकहरुलाई सिरक वितरण गरिएको हो ।

सो अवसरमा बिसौनीचौरका १ सय ५० जना बिद्यार्थीलाई न्यानो कपडा र विद्यार्थीका अभिभावक सहित असहाय हरु गरी सय जनालाई सिरक वितरण गरिएको हो । सो अवसरमा वोल्दै चौरजहारी नगरपालिका वडा नम्बर १० का अध्यक्ष विरेन्द्र रोकायाले सामाजिक काममा अग्रणी स्थानमा रहेको युनाइटेड क्लबले आफ्नो वडामा रहेका भुकम्प प्रभावितलाइ लक्षित गरी जाडो याममा न्यानो कपडा बितरण गरेर आफ्नो वडाका जनतालाई राहत प्रदान गरेकोमा धन्यवाद ब्यक्त गरे ।

त्यस्तै विद्यालय ब्यवस्थापन समितिका अध्यक्ष गंगाराम रोकायाले गण्डकी प्रदेशबाट भुकम्प प्रभावित क्षेत्रमा खटिएका स्वयंसेवक मार्फत युनाइटेड क्लब संग सहकार्य गरी आफ्नो ठांउमा सहयोग ल्याउन सफल भएको वताउदै युनाइटेड क्लबको सहयोगले आफ्नो विद्यालयमा अध्ययनरत विद्यार्थी र उनीहरुको अभिभावकलाई ठूलो टेवा पुगेको वताए । सो अवसरमा वोल्दै युनाइटेड क्लबका निवर्तमान अध्यक्ष सुक बहादुर गुरुङले युनाइटेड क्लबले स्थापनका कालदेखीनै सामाजिक काममा अगाडि वढिरहेको र अहिले आएर रुकुम पश्चिममा भुकम्प प्रभावितलाई सहयोग गर्न पाउदा खुसी लागेको बताए । त्यस्तै युनाइटेड क्लबका अध्यक्ष राजु श्रेष्ठले युनाइटेड क्लबले सामाजिक काममा अगाडि बढिरहदा बिपद ब्यवस्थापन कोष मार्फत नेपाल भरि कुनैपनि ठांउमा विपदमा परेकाहरुलाई सहयोग गर्दै आइरहदा हालै कार्तिकको १७ गते भुकम्पले तहस नहस गरेको रुकुम पश्चिममा आएर विद्यार्थी संगै अभिभावकहरुलाई समेत सहयोग गर्न पाउदा खुसी लागेको वताउदै आगामी दिनमा समेत यस्ता सहयोगलाई निरन्तरता दिने वताए । युनाइटेड क्लबका सदस्य जयराम आचार्यले सञ्चालन गरेको कार्यक्रममा पूर्व विद्यालय निरीक्षक अतिराम वली, विद्यालयका प्रध्याना ध्यापक वल बहादुर केसी, गण्डकी प्रदेशका स्वयंसेवक पान बहादुर क्षेत्री लगायतले बोलेका थिए ।

# सुन्तला उत्पादनमा वृद्धि हुँदा किसान उत्साहित

**पोखरापत्र संवाददाता**
गल्याङ, १८ मंसिर

स्याङ्जाको गल्याङ नगरपालिका-७, सिरौँसाका किसान यस वर्ष सुन्तला उत्पादनमा वृद्धि भएपछि उत्साहित भएका छन् ।

मौसम अनकूल र नयाँ बोटमा फल राम्रो लागेका कारण सिरौँसामा यस वर्ष सुन्तलाको उत्पादन बढेको हो । सुन्तला पकेट सञ्चालक समिति सिरौँसाका अध्यक्ष रामप्रसाद भण्डारीले सिरौँसामा अघिल्लो वर्ष रु दुई करोडको सुन्तला बिक्री भएको र यस वर्ष अघिल्लो वर्षको तुलनामा रु ५० लाख मूल्य बराबरको सुन्तला उत्पादनमा वृद्धि भएको जानकारी दिनुभयो । विसं २०७० देखि यहाँ सुन्तला पकेट क्षेत्र घोषणा गरेर 'सुन्तला पकेट क्षेत्र' कार्यक्रम सञ्चालन गरिएको छ । यहाँको सुन्तला पकेट क्षेत्रमा ६० कृषक छन् । यहाँ उत्पादित सुन्तला, काठमाडौँ, बुटवल, पोखरा, कावसोती, इटहरी, धादिङ, इनरुवालगायतका जिल्लामा निर्यात हुने गरेको छ । कृषि ज्ञान केन्द्र स्याङ्जा, सुन्तला सुपरजोन स्याङ्जा, बाली संरक्षण कार्यालय पोखराले सिरौँसामा सुन्तलासम्बन्धी प्रशिक्षण, अनुदान, परामर्श, बीउबिजनमा सहयोग गर्दै आएको छ । ती निकायले पक्की ट्याङ्की, प्लास्टिक ट्याङ्की, प्लास्टिक पोखरी निर्माण गरिदिएका छन् । यहाँ सुन्तला आईपिएम पाठशालासमेत सञ्चालनमा छ ।

अध्यक्ष भण्डारीका अनुसार यहाँका ९० प्रतिशत कृषकको मूख्य पेसा नै सुन्तला उत्पादन हो । "सिरौँसाका अधिकांशको रोजीरोटी सुन्तलाले नै चलेको छ", उहाँले भन्नुभयो, "यस क्षेत्रमा सुन्तला उत्पादनको अत्यन्त राम्रो सम्भावना भएकाले युवा विदेश छोडेर सुन्तलाखेतीतर्फ लागेका छन् ।" उहाँले गल्याङ नगरपालिकाले सुन्तला उत्पादक कृषकलाई सहयोग नगर्दा बजारीकरणमा समस्या भएको गुनासो गर्नुभयो । यहाँ उत्पादित सुन्तला एक क्विन्टल बराबरको सुन्तला रु सात हजारसम्ममा ठेकेदारले किन्छन् भने विभिन्न व्यापारीले ग्रेडिङका आधारमा प्रतिकिलो रु ५० देखि ८० मा खरिद गर्ने गर्छन् । सिँचाइ, बिरुवा, बाली उपचार, अनुदान, बजारीकरण, परामर्शलगायतका धेरै विषयमा नगरपालिकाले सहयोग गर्ने ठाउँ छ", भण्डारीले भन्नुभयो, "सिँचाइको चरम अभावका कारण हुनुपर्ने जति सुन्तला उत्पादन भएको छैन, सिँचाइको सुविधा मात्र भए ५० प्रतिशतले उत्पादन बढाउन सकिन्थ्यो ।" उहाँले जिल्लामै सिरौँसा सुन्तला उत्पादनका लागि प्रख्यात भए पनि नगरपालिका अनुगमनसमेत गर्न नआएको गुनासो गर्नुभयो । "यहाँका कृषकले व्यक्तिगतरुपमा सुन्तला बिक्री गर्दै आएका छन्, बजारको एकरुपता छैन, जसका कारण धेरै किसान ठेकेदार र व्यापारीबाट ठगिँदै आएका छन्", अध्यक्ष भण्डारीले भन्नुभयो, "सबै गाउँलेको घरखर्च सुन्तला बेचेरै चलेको छ, सुन्तला व्यवसायमा लाग्ने किसान निक्कै उत्साहित छन्, धेरैले सुन्तला नै बेचेर छोराछोरी पढाउने, दुईचार रुपैयाँ जम्मा गर्ने गरेका छन् ।" अध्यक्ष भण्डारीले व्यक्तिगत रुपमा यस वर्ष रु २५ लाखको सुन्तला उत्पादन गरेको दाबी गर्नुभयो । "अघिल्लो वर्ष रु २२ लाखको सुन्तला बिक्री गरेको थिएँ", उहाँले भन्नुभयो, "यो वर्ष मौसम अनकूलताका कारण गाउँमै सुन्तला उत्पादन बढेको छ, आशा छ राम्रो मूल्य पाउने छौँ ।" उहाँले स्थानीय बजार गल्याङमा सबैको सुन्तला एकैपटक पुग्दा बिक्रीमा समस्या हुने, किसानसँग सस्तोमा किनेर व्यापारीले महँगोमा बिक्री गरिदिने, उधारो लगेकाले समयमै रकम फिर्ता नगर्नेजस्ता समस्याबाट आफूहरू पीडित बनेको दुखेसो पोख्नुभयो ।

सुन्तला पकेट सञ्चालक समिति सिरौँसाका सचिव हरिप्रसाद भण्डारीले सुन्तला उत्पादन अन्य खेतीभन्दा दश गुणा आम्दानी दिने व्यवसाय भएको दाबी गर्दै किसानको आवश्यकताका आधारमा सरकारको सहयोग प्राप्त भएमा देशको अर्थतन्त्र विकासमा महत्वपूर्ण सहयोग पुग्ने बताउनुभयो । उहाँको सुन्तला बगैँचामा छ सय सुन्तलाका बोट छन् । तीमध्ये चार सय बोटले उत्पादन दिने गरेका छन् । उहाँलेले अघिल्लो वर्ष सुन्तला बेचेर रु आठ लाख आम्दानी गर्नुभयो भने यो वर्ष रु १२ लाखको सुन्तला बिक्री हुने अनुमान गर्नुभएको छ । उहाँले पनि यस वर्ष सुन्तला उत्पादन राम्रो भएकाले कृषक थप खुसी छाएको बताउनुभयो । यस्तै सिरौँसाकै देवीप्रसाद भण्डारीले २० वर्षदेखि व्यावसायिक सुन्तला खेती गर्दै आउनुभएको छ । उहाँले ४० वर्षअघि परम्परागत रुपमा सुन्तला लगाउनुभएको थियो । सुन्तला बिक्री हुँदै जान थालेपछि उहाँले सुन्तला खेतीलाई व्यावसायिक रुप दिनुभएको हो । अघिल्लो वर्ष रु १९ लाखको सुन्तला बिक्री गर्नुभएको उहाँले यस वर्ष भने रु १७ लाखको मात्र सुन्तला बिक्री हुने अनुमान गनुभएको छ । पुराना बोट मासेर नयाँ लगाएको कारणले यो वर्ष उहाँको बगैँचामा सुन्तला उत्पादनमा गिरावट आएको कविराज भण्डारीले बताउनुभयो । उहाँले काउली, बन्दा, अकवरे खुर्सानीलगायतका तरकारी बिक्री गरेर वार्षिक रु तीन लाख बिक्री गर्दै आउनुभएको दाबीसमेत गर्नुभयो । देवीप्रसादको बगैँचामा तीन हजार नयाँ पुराना, फल लाग्ने नलाग्ने सुन्तलाका बोट छन् ।

यसैगरी मिलीजुली सुन्तला पकेट सञ्चालक समितिका अध्यक्ष युवराज सापकोटाले ७० घरधुरीका किसानले रु एक करोड मूल्य बराबरको सुन्तला उत्पादन भएको दाबी गर्नुभयो । उहाँले अघिल्लो वर्ष पनि रु ९० लाख मूल्य बराबरको सुन्तला बिक्री गरेको दाबी गर्नुभयो । सापकोटाले बर्सेनि मनहरी र सिरौँसामा ठेकेदारले किसानलाई ठग्ने गरेको गुनासो गर्नुभयो । "ठेकेदारसँग ठूलो परिणममा सुन्तला लैजाने सम्झौता हुन्छ, ठेकेदारले फलानो दिनमा आउँछु भनेर सुन्तला टिप्न लगाउँछन्, हामीले सुन्तला टिप्छौँ", उहाँले भन्नुभयो, "आधा मात्र पैसा लिएर ठेकेदार आउँछ, सुन्तला नलैजा भनौँ भने टिपिसकेको सुन्तला बिग्रने डर लैजाभन्दा ठगिने डर ।" अध्यक्ष सापकोटाले सात वर्षको अवधिमा करिब १५ ठेकेदारले सुन्तलाको आधा पैसा मात्र तिरेर बेपत्ता भएको बताउनुभयो ।

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : झमेला बड्ने |
| वृष | : मानसिक तनाब | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : शारीरिक झमेला | धनु | : मन चञ्चल |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : शत्रुको भय | मीन | : सम्मान मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

## विमा लेख हरायो

लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडवाट जारि गरिएको निम्न लिखित बीमालेख हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले नि(म्नलिखित ठेगानामा सम्पर्क गर्न अनुरोध गर्दछु ।

नामः जौमाया गुरुङ

विमा लेख नं. १३००१४४१०

ठेगानाः पार्चे-१, कास्की

सम्पर्क : लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड

मोः ९८१६११२९०५

# मादी गाउँपलिका स्तरमा ३२ औं अन्तर्राट्रिय अपाङ्गता दिवस

**पोखरापत्र संवाददाता**
पोखरा, १८ मंसिर



मादी गाउपालिको १२ वटा वडाका वडास्तरिय अपाङ्गगता संजालका प्रतिनिधिहरु, पालिका स्तरका जनप्रतिनिधिहरु, कर्मचारीहरु, बिभिन्न गैर सरकारी संघ सस्थाका प्रतिनिधिहरु र लब्ध प्रतिष्ठित ब्यक्तित्वहरु गरी करिव एकसय पाँच जनाको उपस्थितिमा गाउँपलीकाको सभाहलमा उक्त दिवस मनाइएको हो ।

१९९२ देखि आजसम्म बिश्वभर मनाउदै आईरहेको यस ३२ औं अन्राट्रिय अपाङ्गता दिवस यही मंसिर १७ गते मादी गाँउपालिकाका उपाध्यक्ष कल्पना गुरुङ्गको अध्यक्षता तथा मादी गाउँपालिकाका अध्यक्ष देबीजङ्ग गुरुङ्गको प्रमुख आतिथ्यतामा सम्पन्न भएको छ । उक्त अवरमा मादी गाउपालिकामा योगदान पुराएका ब्यक्तित्वहरु स्वाबलम्बन जीवन पद्दती नेपालका अध्यक्ष हेमबहादुर गुरुङ्ग र राष्ट्रिय अपाङ्ग महासंघ गण्डकी प्रदेशकी सदस्य रमा भण्डारीलाई सम्मान पत्र सहीत दोसल्ला ओढाएर सम्मान गरीएको थियो ।

यसै गरी दृष्टि बिहिन अपाङ्गता भएका ब्यक्तिहरु तीन जना शिक्षक शिक्षिकाहरु, प्रगती सदन आधारभुत बिद्यालयमा अध्यापन रत शिक्षक शिबराज अधिकारी, कालिका धनुवास बिद्यालयका शिक्षक भरत चौलागाई र ध्रुव मा बि मा अध्यापनरत शिक्षिका शोभा पौडेललाई एक एक वटा प्रबिधि मैत्री ल्यापटप कम्प्युटर प्रदना गरीएको थियो । मादी गउपालिकामा बसोबास गर्ने कुल ४८८ जना अपाङ्गता भएका ब्यक्तिहरुको सवालहरुलाई समेटेर गरिएको यस कार्यक्रममा मादी गाउँपालिका स्तरिय अपाङ्गता सञ्जालका अध्यक्ष शिवराज अधिकरी, सम्मानित ब्यक्तिहरुको तर्फबाट स्वाबलम्बन जीवन पद्दती नेपालका अध्यक्ष हेम बहादुर गुरुङ्ग, बिभिन्न गैर सरकारी संघ संस्थाहरु सिबिआरय पोखरा। कोपिला नेपाल, सगोल नेपाल, अपाङ्गता आवाज नेपालको तर्फबाट सिबिआरयस पोखरा नेपालका कार्यक्रम ब्यबस्थापक कृष्णकुमार लामिछाने, कास्की नेत्रहीन संघका अध्यक्ष श्रीकान्त सापकोटा, मादी गाउँपालिकाको तर्फबाट प्रमुख प्रशासकिय अधिकृत कमल प्रसाद गौतम, मादी गाउँपालिका सामाजिक बिकास समितिका अध्यक्ष शिव प्रसाद सापकोटा, प्रमुख अतिथि तथा गाउँपालिका अध्यक्ष देबिजङ्ग गुरुङ्ग लगाएतका सबै ब्यक्तिहरुले अपाङ्गता भएका ब्यक्तिहरुको अधिकार, रोजगरी, जीबिकोपार्ज, अपाङ्गगता परिचयपत्र बितरण, 'क' बर्गका अपाङ्गता भएका ब्यक्तिका परिवारलाई थप स्याहार भत्ता, सहयोगी समाग्रीको निशुल्क सुबिधा जस्ता बिषयहरुमा चर्चा गरिएको थियो र मादी गाउपालिकाकी उपाध्यक्ष कल्पना गुरुङ्गको अध्यक्षतामा सम्पन्न यस कार्यक्रम सामजिक बिकास शाखा प्रमुख कर्ण कुमारी गुरुङ्गले सञ्चलन गरेकी थिईन ।

# म्याग्दे गाउँपालिकाले विपन्नको घर निर्माण गरिदिने

**पोखरापत्र संवाददाता**
दमौली, १८ मंसिर

म्याग्दे गाउँपालिकाले विपन्न जनताको घर निर्माण गरिदिने भएको छ। गाउँपालिकाले सातवटै वडाका विपन्न परिवार छनोट गरी घर निर्माण गर्न लागेको हो ।

सङ्घीय सरकारको समपूरक कोष र गाउँपालिकाको साझेदारीमा विपन्नको घर निर्माण गर्न लागिएको प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद अधिकारीले जानकारी दिनुभयो । उहाँका अनुसार सङ्घको समपूरक कोषमार्फत रु ५० लाख र गाउँपालिकाको रु ५० लाख गरी रु एक करोड लगानीमा २५ वटा घर निर्माण गरिनेछ । उहाँले भन्नुभयो, "गाउँपालिकाको चालु आर्थिक वर्ष २०८०/८१ को वार्षिक स्वीकृत कार्यक्रम तथा नेपाल सरकारको समपूरक योजनाअन्तर्गत आर्थिक विपन्न वर्गलाई नमुना आवास कार्यक्रमअन्तर्गत घर बनाउन लागिएको हो ।" गाउँपालिका-१ देखि ७ मा रहेका लक्षित वर्ग, म्याग्दे गाउँपालिकाको आर्थिक विपन्न वर्गलाई नमुना आवास कार्यक्रम कार्यविधि २०८० को दफा (३) अनुरुप मापदण्ड तथा सूचीभित्र योग्यता पुगेका स्थानीय नागरिकलाई मङ्सिर २७ गतेभित्र निवेदन पेस गर्न सूचित गरिएको छ । त्यसका लागि जग्गाधनी प्रमाणपुर्जा प्रतिलिपि, नागरिकताको प्रतिलिपि, सम्बन्धित वडाको आर्थिक विपन्न परिवार भएको सिफारिससहित आवश्यक कागजात, सामान्य प्रकृतिका श्रमबाहेक परिवार सदस्यमा कोही स्थायी रोजगार तथा दिगो लगानी तथा आयस्रोत नभएको, दोहोरो सुविधा तथा अनुदान नलिएको प्रमाण पेस गर्नुपर्नेछ । कार्यविधिबमोजिम विगतदेखिगाउँपालिकाकोभौगोलिक क्षेत्रभित्र स्थायीरुपमा बसोबास गर्दै आएको तर सरकारबाट सञ्चालित यस्तै कार्यक्रमबाट लाभ प्राप्त गरेका व्यक्ति लाभग्राही हुन नसक्ने मापदण्ड छ । अपाङ्गता भएका व्यक्ति, असहाय, सिमान्तकृत जाति, अल्पसङ्ख्यक जाति वा दलित जातिमा सूचीकृत भएकालाई प्राथमिकता दिइने प्रमुख प्रशासकीय अधिकृत अधिकारीले बताउनुभयो ।

# आलु खेती विस्तारमा तीन करोडको आयोजना सञ्चालन

**पोखरापत्र संवाददाता**
बेनी, १८ मंसिर

म्याग्दीमा आलु खेतीको विस्तार र प्रवर्द्धनका लागि रु तीन करोड बजेटको आयोजना सञ्चालन भएको छ।

गण्डकी प्रदेशको कृषि तथा भूमि व्यवस्था मन्त्रालयले चालु आर्थिक वर्षमा आलु खेतीका लागि कृषि ज्ञान केन्द्र म्याग्दीमार्फत जिल्लामा उक्त आयोजना सञ्चालन गरेको हो । जिल्लामा आलु खेतीको सम्भावना भएको क्षेत्रमा आलु खेतीको विस्तार र कृषकले उत्पादन गरेको आलुलाई बजारीकरणमा सघाउन सो बजेट अनुदानका रूपमा परिचालन गर्न लागिएको कार्यालयले जनाएको छ । उक्त आयोजनाअन्तर्गत प्रस्ताव आह्वान गरेर कृषक समूह र कृषि सहकारी छनोट भएको कार्यालयका अधिकृत सम्झना शर्माले जानकारी दिनुभयो ।

उहाँका अनुसार, छनोट भएका कृषक समूह र सहकारीलाई प्रतिरोपनी रु १२ हजारका दरले बीउ खरिदलगायत उपकरण किन्नका लागि अनुदान उपलब्ध गराइने भएको छ । चालु आर्थिक वर्ष २०८०/८१ मा यस आयोजनामार्फत जिल्लामा यस वर्ष हिउँदे र बर्खे गरी करिब एक सय २५ हेक्टर क्षेत्रफलमा आलु खेती विस्तार हुनेछ ।

कम्तीमा १० घरधुरी समेटिएको ३० रोपनीभन्दा बढीमा आलु खेती गर्ने १८ वटा समूह तथा सहकारी अनुदानका लागि छनोट भएको अधिकृत शर्माले जानकारी दिनुभयो । हिउँदे आलु लगाउन बेनी नगरपालिकासहित मङ्गला, मालिका र धवलागिरि गाउँपालिकाका १८ वटा समूहले प्रक्रिया पुऱ्याएर आवेदन दिएका थिए । यी समूहले ५० हेक्टरमा खायन आलु लगाउनेछन् ।

"आलु खेती लगाउने सहकारी र कृषक समूहलाई कूल लागतको ७५ देखि ८५ प्रतिशतसम्म अनुदान उपलब्ध गराउने कार्यविधि छ", उहाँले भन्नभुयो । सबैभन्दा बढी मङ्गला-३ का धापुङ महिला कृषि समूहले एक सय १४ रोपनीमा हिउँदे आलु लगाउने भएका छन् । हिउँदे आलु लगाउनका लागि अन्नपूर्ण र रघुगङ्गाका कृषक समूहबाट आवेदन परेको छैन । स्थानीय जातको आलुको संरक्षण, खेती विस्तार र आयआर्जन वृद्धिमा सहयोग पुऱ्याउन बजेटलाई प्रयोग गरिने केन्द्रले जनाएको छ ।

म्याग्दीमा हाल स्थानीय सेतो, रातो जातको आलु लगाउने चलन भए पनि हिउँदे आलुको बीउ बाहिरबाट बढी ल्याउने गरेका छन् । म्याग्दीमा बीउको आलु उत्पादन गर्नका लागि समूह छनोट गरेर यस वर्ष १० रोपनीमा लगाउने योजना केन्द्रले गरेको छ ।


## Gandaki Province Government
## Ministry of Social Development & Health
## Infectious and Communicable Disease Hospital (ICDH)
## Pokhara-30, Mohoriya, Kaski, Nepal

## Invitation for Online Bids for the Procurement and Supply of Dialysis Consumable Goods

**Contract Identification No: ICDH/GOODS/NCB/ebid-02/080-81**
**(Date of Publication: 5 December 2023 (2080/08/19 BS)**

1. The Infectious and Communicable Disease Hospital, (ICDH) Kaski invites electronic bids from Nepalese eligible bidders for the Procurement and Supply of following goods mentioned in the table.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Infectious and Communicable Disease Hospital, Pokhara-30, Mohoriya, Kaski, Ph no. **061-564366** or may visit PPMO ***e-GP system website www.bolpatra.gov.np/egp.***
3. Bidding documents must be purchased through web portal **www.bolpatra.gov.np/egp** upon payment of a non-refundable fee of ***Rs.3000.00*** by cash deposit in the account specified below: And submit the receipt Voucher along with the bid.
   **Name of the Bank** : Rastriya Banijya Bank Ltd.
   **Name of the Office** : Infectious and Communicable Disease Hospital, Kaski
   **Office Code No** : 3501239014
   **Account No** : 1000100200010000
   **Rajaswa (Revenue) Shirshak No :** 14229
4. Pre-bid meeting shall be held at ICDH, Pokhara-30, Kaski, Nepal at **24 December 2023 (2080/09/08 Bs)** on 14:00 hours.
5. Electronic bids must be submitted to the office Infectious and Communicable Disease Hospital Pokhara-30, Mohoriya, Kaski through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00 Noon **4 January 2024 (2080/09/19 Bs)**. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **4 January 2024 (2080/09/19 Bs)** on 13:00 hours at the office of Infectious and Communicable Disease Hospital,Pokhara-30, Kaski.
7. If bidder wishes to submit the Bid Security in the form of cash, the cash should be deposited in the account specified below. And submit the receipt of the deposited amount of cash along with the bid.
   **Name of the Bank** : Rastriya Banijya Bank Ltd. Prithvi Chowk, Pokhara
   **Name of the Office** : Infectious and Communicable Disease Hospital, Kaski
   **Office Code No** : 3501239014
   **Dharauti Account No.** : 3020100202030000
   (Pradesh Lekha Niyantrak Karyalaya, Kaski)
8. If the last date of purchasing, submission and opening falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. Bidders are advised to visit site and assess the actual site conditions before submitting their bid.
10. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
11. The remaining matters not covered in this notice shall be as per prevailing Procurement Act and Regulation.

| Contract ID Number | Description of Procurement and Address | Bid Document Fee (NRs) | Bid Security amount (NRs) | Period of validity for Bid Security |
|---|---|---|---|---|
| ICDH/GOODS/NCB/ebid-02/080-81 | Procurement and Supply of Dialysis Consumable Goods. Location: Pokhara -30, Mohoriya, Kaski | 3,000.00 | 1,94,000.00 | 120 days from the last date of bid submission |



## नेपाल आदर्श बहुउद्देश्यीय सहकारी संस्था लि. वालिङ नगरपालिका-८, स्याङ्जाको हायर पर्चेज अन्तर्गत ३५ दिने सूचना

यस नेपाल आदर्श बहुउद्देश्यीय सहकारी संस्था लि. वालिङ न.पा.-८, स्याङ्जाको हायर पर्चेज अन्तर्गत निम्न व्यक्तिलाई कर्जा लगानी गरेकोमा उहाँलाई ०७ दिने, १५ दिने र ३५ दिने यस कार्यालयले पत्र पठाउँदा समेत नआउनु भएकोले बैठक मिति: २०८०/०८/०६ को प्रस्ताव नं. ०३ र निर्णय नं. ०३ बाट यस संस्थाले पत्रिकामा सूचना प्रकाशित गर्ने निर्णय गरेको हुँदा तपसील बमोजिम ऋणी सदस्य र जमानीकर्ताको सार्वजनिक ३५ दिने सूचना प्रकाशित गरिएको छ ।
तपसिल:

| ऋणीको विवरण | जमानीको विवरण |
|---|---|
| नाम थर : श्री जित बहादुर पुन | नाम थर : श्री बाटुली पुन |
| बाबुको नाम : श्री बाबुराम पुन | बाबुको नाम : श्री खेम बहादुर दमै |
| बाजेको नाम : श्री डन्डीराम पुन | बाजेको नाम : श्री गुप्ते दमै |
| अस्थायी ठेगाना : वालिङ ०८, स्याङ्जा | अस्थायी ठेगाना : वालिङ ०८, स्याङ्जा |
| स्थायी ठेगाना : गुगौली ०१, रुपन्देही | स्थायी ठेगाना : गुगौली ०१, रुपन्देही |

| हायर पर्चेज विवरण (धित्तोको विवरण): | |
|---|---|
| कम्पनीको नाम : | BAJAJ |
| सवारीको मोडल : | PULSAR NS 200cc ABS |
| चेचिस नं. : | MD2A36FYOKCF97306 |
| ईन्जिन नं. : | JLYCKF11125 |
| संख्या : | 1 |
| दर्ता नं. : | LU 57 PA 3523 |